क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ८८, २०८२ भदौ २५ गते बुधबार (10 Sep., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका

दैनिक

## उच्छृंखल गतिविधि भए खबर गर्न सेनाको आग्रह, यो हो हेल्पलाइन

**-पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २४ भदौ**


नेपाली सेनाले उच्छृंखल गतिविधि भए खबर गर्न हेल्पलाइन नम्बर दिएको छ।

देशका विभिन्न भागमा सार्वजनिक र निजी सम्पत्तिमाथि तोडफोड गर्नेहरूमाथि कारबाही गर्न सबै सुरक्षा निकाय र आन्दोलनरत समूहका साथ सेना अघि सरेको छ।

आफ्नो घर वरपर कुनै उच्छृंखल क्रियाकलाप भएमा तत्काल खबर गर्न सेनाले अनुरोध गरेको छ। जसका लागि नेपाली सेनाको हेल्पलाइन नम्बर ०१-५९७९००० नम्बर दिएको छ।

# आन्दोलनका नाममा लुटपाट र आगजनी भएको भन्दै फिल्डमा उत्रियो सेना, अराजक गतिविधि रोक्न चेतावनी









**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २४ भदौ**

नेपाली सेनाले विभिन्न ठाउँमा लुटपाट र तोडफोड गर्नेहरूलाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाउन थालेको छ। सडकमा उच्छृंखल गतिविधि गरिरहेको अवस्थामा भेटिएकालाई सेनाले घेरा हाली नियन्त्रणमा लिइरहेको छ।

काठमाडौँको बानेश्वरमा केही व्यक्ति नियन्त्रणमा लिएर प्रहरीलाई बुझाइएको कारबाहीमा संलग्न स्रोतले जनाएको छ। भक्तपुर दरबार क्षेत्रमा आगो लगाउन खोजिएपछि सेना पुगेर रोकेको छ। यस्तै पोखराको सृजना चोकस्थित मेट्रो अस्पतालनजिकै आगजनी गरिएपछि तत्कालै सेनाको टोली तैनाथ भएको छ।

यता काठमाडौँमा ग्लोबल कलेजमा आगो नियन्त्रण गर्न र संदिग्ध व्यक्तिहरुलाई नियन्त्रणमा लिन पनि सेना खटिएको छ। पशुपति क्षेत्रमा प्रवेश गर्न खोज्नेहरुलाई सेनाले रोकेको छ। ललितपुरका सातदोबाटो, नख्खु, सानेपा, भैंसेपाटी र हात्तीवन क्षेत्रमा सेना तैनाथ भएको छ। काठमाडौँका कीर्तिपुर, टोखा, बौद्ध, कोटेश्वर, कलंकी, कालीमाटी, भक्तपुरका चाँगुनारायण, ठिमी लगायत क्षेत्रमा सेनाले कारबाही गरिरहेको छ।

विराटनगरमा आयल निगममा आगो लगाउने तयारी भइरहँदा सेनाले विफल पारिदिएको छ। अहिले देशैभरका प्रमुख सहरमा सेना परिचालित भइसकेको छ। नेपाली सेनाले उच्छृंखल गतिविधि भए खबर गर्न हेल्पलाइन नम्बर दिएको छ। देशका विभिन्न भागमा सार्वजनिक र निजी सम्पत्तिमाथि तोडफोड गर्नेहरूमाथि कारबाही गर्न सबै सुरक्षा निकाय र आन्दोलनरत समूहका साथ सेना अघि सरेको छ।

आफ्नो घर वरपर कुनै उच्छृंखल क्रियाकलाप भएमा तत्काल खबर गर्न सेनाले अनुरोध गरेको छ। जसका लागि नेपाली सेनाको हेल्पलाइन नम्बर ०१-५९७९००० नम्बर दिएको छ। अहिले धेरै ठाउँबाट आफ्नो क्षेत्रमा भइरहेका गतिविधिहरुबारे गुनासा र सूचना प्राप्त भइरहेका छन्।

### काठमाडौँको लुटपाटमा संलग्न प्रदर्शनकारीसँग आधुनिक हतियार र पकेट बम पनि

काठमाडौँका विभिन्न स्थानमा लुटपाट गर्ने समूह हतियारै लिएर हिँडेको पाइएको छ। कतिपय ठाउँमा उनीहरूमाथि फायर समेत गरेका छन्। केही ठाउँमा दोहोरो फायरिङ पनि भएको छ। नेपाली सेनाले केही ठाउँमा त्यस्ता हतियार धारीमाथि गोली प्रहार गरी नियन्त्रणमा लिएको छ। टुसालमा भएको फायरिङपछि पनि सेनाले हतियार बरामद गरेको छ।

हतियार, गोली, पकेट बम, पेस्तोल पनि विभिन्न ठाउँका प्रदर्शन र लुटपाटमा प्रयोग भएका देखिएका छन्। सुरक्षा स्रोतका अनुसार, केही हतियार प्रहरीबाट लुटिएका हुन सक्ने भए पनि कतिपय प्रहरीले पनि प्रयोग नगर्ने खालका हतियार देखिएका छन्। प्रदर्शनकारीहरूले केही ठाउँमा बम पड्काएका छन्। काठमाडौँको टुसाल क्षेत्रमा गोली चलेको छ। नेपाली सेना पुगेपछि त्यहाँ गोली चलेको हो। स्थानीय प्रत्यक्षदर्शीका अनुसार त्यहाँ शंकास्पद व्यक्तिहरु पहिलेदेखि नै थिए। उनीहरुलाई नियन्त्रणमा लिने क्रममा गोली चलेको हो।

सेनाको टोली केहीबेरअघि पनि आएको थियो। त्यतिखेर रेकी मात्र गरेर गएको थियो। पछि हतियारसहित आएपछि गोली चलाएको हो।

### फिल्डमा उत्रियो सेना, अराजक गतिविधि रोक्न चेतावनी

नेपाली सेनाले हालको आन्दोलनका क्रममा भइरहेका लुटपाट, आगजनी र तोडफोडका घटनालाई रोक्न आग्रह गर्दै यदि त्यस्ता गतिविधि नरोकिएमा स्थिति नियन्त्रणमा लिन कडा कदम चाल्ने चेतावनी दिएको छ। एक सूचना जारी गर्दै सेनाले भदौ २४ गते राति १० बजेदेखि नेपाली सेना लगायतका सुरक्षा निकायहरू आफ्नो जिम्मेवारीमा दृढतापूर्वक प्रस्तुत हुने जनाएको छ।

नेपाली सेनाले हालको विषम परिस्थितिको फाइदा उठाएर केही समूहले सर्वसाधारण नागरिक र सार्वजनिक सम्पत्तिमा क्षति पुर्‍याउने, लुटपाट र आगजनी गर्ने काम गरिरहेको भन्दै यस्ता गतिविधि तत्काल रोक्न आग्रह गरेको छ। यदि यस्ता गतिविधि नरोकिएमा नेपाल र नेपालीको सुरक्षाका लागि नेपाली सेना लगायत सम्पूर्ण सुरक्षा निकायहरू स्थिति नियन्त्रणमा लिनका लागि तयार रहेको सेनाले स्पष्ट पारेको छ। "यस किसिमका गतिविधिहरू नरोकिएको खण्डमा नेपाली सेना लगायत सम्पूर्ण सुरक्षा निकायहरू आफ्नो प्रमुख जिम्मेवारी नेपाल र नेपालीको सुरक्षाको लागि स्थिति नियन्त्रण गर्न मिति २०८२ भाद्र २४ गते रातिको १० बजेबाट दृढ रहने प्रतिबद्धता जानकारी गराउँदछौं," सूचनामा भनिएको छ।

सेनाले सम्पूर्ण राष्ट्रवासीलाई यस कार्यमा सहयोग गर्न पनि हार्दिक अपिल गरेको छ। त्यसपछि सुरक्षा स्थितिको पुनर्मूल्याङ्कन गरी थप सूचना जारी गरिने पनि जनाइएको छ।

### आन्दोलनरत पक्षलाई वार्तामा आउन प्रधानसेनापतिको अपिल

नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलले आन्दोलनरत पक्षलाई शान्तिपूर्ण निकासका लागि वार्तामा आउन आह्वान गरेका छन्। मंगलबार साँझ एक भिडियो सम्बोधन गर्दै उनले भने,'वर्तमान असहज परिस्थितिलाई सामान्यीकरण गर्दै राष्ट्रको सर्वोपरि हितको रक्षा गर्नु सबैको साझा कर्तव्य हो। त्यसैले आन्दोलनका कार्यक्रमहरू स्थगित गरी वार्ताको बाटो समाउन अनुरोध गर्दछु।'

उनले हालै देशभर भइरहेका आन्दोलनका क्रममा भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका छन्। उनले दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक संवेदना र सहानुभूति प्रकट गरेका छन्। प्रधानसेनापति सिग्देलले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको शुभकामना व्यक्त गर्दै शान्ति, सुरक्षा, अमनचयन र राष्ट्रिय एकता कायम राख्न सबै नेपालीको साझा दायित्व रहेको बताएका छन्। उनले भने, 'नेपालको इतिहासले साक्षी बसेको जस्तो, मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र नेपाली जनताको सुरक्षार्थ नेपाली सेना सदैव प्रतिबद्ध रहन्छ।' सिग्देलले आन्दोलनका कारण राष्ट्रिय तथा ऐतिहासिक सम्पदा, सार्वजनिक तथा नागरिक सम्पत्ति, आम नागरिक, मित्रराष्ट्रका कूटनीतिक नियोग तथा सरोकारवालाको सुरक्षामा प्रतिकूल असर नपार्ने कुरामा जोड दिए। उनले मातृभूमि र देशको जयगान गर्दै राष्ट्रिय सद्भाव र एकताका लागि सबैलाई एकसाथ अगाडि बढ्न आग्रह गरेका छन्।

### क्षति न्यूनीकरण र उद्धारका लागि सेना, सशस्त्र र आन्दोलनरत समूह सहकार्य गर्ने

सार्वजनिक तथा निजी सम्पत्तिमाथिको आक्रमण नरोकिएपछि नेपाली सेना, सशस्त्र प्रहरी र आन्दोलनरत समूह सहकार्य गर्ने भएका छन्। आन्दोलनरत समूहका प्रतिनिधिसँग प्रधानसेनापति अशोकराज सिग्देलले गरेको अनौपचारिक वार्तापछि सहकार्य गर्ने समझदारी बनेको हो।

आन्दोलन गर्ने समूहले आन्तरिक रुपमा सम्प्रेषण गरेको सन्देशअनुसार वार्ताका क्रममा जेनजी प्रतिनिधिले पहिला उद्धार र क्षति न्यूनीकरणका लागि सेना खटाउन माग गरेका थिए। त्यसपछि क्षति न्यूनीकरणका लागि सहकार्य गर्ने विषयमा उनीहरुबीच समझदारी बनेको छ। सोही समझदारीअनुसार केही ठाउँमा उद्धारका लागि टोली परिचालन पनि गरिसकिएको छ।

समूहको सन्देशमा भनिएको छ, 'क्षति धेरै भइसक्यो। मान्छेलाई बचाउने र थप संरचना ध्वस्त हुन नदिने गरी पहिला काम गरौँ। त्यसपछि औपचारिक वार्ता गरौँला।'

यसैबीच सशस्त्र प्रहरी बल, नेपालले एक विज्ञप्ति प्रकाशित गरी यस संवेदनशील परिस्थितिमा भौतिक एवं राष्ट्रिय सम्पत्ति लगायतमा भएको क्षति नियन्त्रण, न्यूनीकरण र उद्धार कार्य गर्न जेनजीलगायत सबै पक्षहरुसँग सहकार्य गरी संयुक्त रुपमा परिचालन भई कार्य गर्न पूर्ण रुपमा तयार एवं प्रतिबद्ध रहेको जनाएको छ। नेपाली सेनाले अहिले १० बजेबाट परिस्थिति नियन्त्रणमा लिन परिचालित हुने भन्दै सूचना जारी गरिसकेको छ। सेनाले सबै सुरक्षा निकायसँग सहकार्य गर्नेछ।

### पूर्वराजा ज्ञानेन्द्रले भने- देश भित्रैबाट समस्याको समाधान निकालियोस्

पूर्वराजा ज्ञानेन्द्र शाहले पछिल्लो समय देशमा देखिएको समस्याको समाधान देश भित्रैबाट खोज्न आग्रह गरेका छन्। नयाँ युवा पुस्ता (जेनजी) हरूको जायज मागलाई सम्बोधन नगरी व्यक्तिको ज्यान लिनु दुखद् एवं निन्दनीय कार्य भएको भन्दै उनले यस्तो बताएका हुन्।

'पछिल्लो पुस्ताको यो आन्दोलन हिंसात्मक नबनोस्, अराजक नरहोस् र यसमा कसैको घुसपैठ नहोस् भन्ने धारणा राखि बक्सेको छ। हाल उठेको सुशासन र आर्थिक अनुशासनका कुरा ध्यानमा राखी देश भित्रबाटै समस्याको समाधान निकालियोस् भन्ने चाहना राखी बक्सेको छ,' पूर्वराजा ज्ञानेन्द्रको संवाद सचिवालय मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

पूर्वराजा ज्ञानेन्द्र शाहले यो घटना शान्ति प्रिय नेपाली समाजको मान्यता विपरीत रहेको समेत बताएका छन्। जेनजीले देश र समाजका निम्ति केही राम्रो काम गरौं भन्ने उद्देश्य राखेर गरेको विरोध प्रदर्शन मार्फत पोखेको आक्रोश निश्चय पनि आम चासोको विषय भएको विज्ञप्तिमा उल्लेख छ। पूर्वराजा ज्ञानेन्द्रले प्रदर्शनका क्रममा घाइते भएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरेका छन्।

### जेनजीको आह्वान : लुटपाट र सार्वजनिक सम्पत्ति तोडफोड अस्वीकार्य, वार्तामा बस्न तयार

जेनजी आन्दोलनका कार्यक्रम संयोजकले आन्दोलनका क्रममा केही तत्त्वहरूले लुटपाट गर्ने र सार्वजनिक सम्पत्ति नष्ट गर्ने प्रयास गरिरहेको भन्दै ध्यानाकर्षण भएको जनाएको छ।

कार्यक्रम संयोजक पुरुषोत्तम यादवले जारीगरेको विज्ञप्तिमा जेनजीले आफ्नो आन्दोलनको नाममा हुने लुटपाट र सार्वजनिक सम्पत्ति तोडफोडलाई कुनै पनि हालतमा स्वीकार नगर्ने स्पष्ट पारेको हो। साथै भोलि बुधवार सम्बन्धित पक्षहरूसँग वार्ताको चरणमा प्रवेश गर्ने जानकारी पनि दिएका छन्। 'हामी अहिले हाम्रो उद्देश्य नयाँ नेपाल निर्माणको नजिक पुगेका छौँ। तर, प्राप्त सूचनाअनुसार अझै पनि केही तत्त्वहरूले हाम्रो आन्दोलनको नाममा लुटपाट गर्ने, सार्वजनिक सम्पत्ति नष्ट गर्ने, र यसलाई असफल बनाउन खोज्ने प्रयास गरिरहेका छन् भन्ने बुझिन आएको छ' कार्यक्रम संयोजक यादवले जारीगरेको विज्ञप्तिमा भनिएको छ।

### प्रधानमन्त्री ओलीले दिएको राजीनामा स्वीकृत

राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको राजीनामा स्वीकृत गरेका छन्। मंगलबार राष्ट्रपति पौडेलसमक्ष प्रधानमन्त्री ओलीले पेस गरेको राजीनामा मंगलबारबाटै लागू हुने गरी स्वीकृत गरिएको राष्ट्रपतिको कार्यालयले विज्ञप्तिमार्फत जानकारी गराएको हो।

संविधानको धारा ७७ को उपधारा (३) अनुसार नयाँ मन्त्रिपरिषद् गठन नहुँदासम्म वर्तमान मन्त्रिपरिषद्ले कार्य सम्पादन गर्ने व्यवस्था रहेको छ। त्यसअनुसार ओली नेतृत्वको मन्त्रिपरिषद्ले अर्को सरकार गठन नभएसम्म कार्यवाहकका रूपमा काम गर्ने राष्ट्रपति कार्यालयको विज्ञप्तिमा उल्लेख छ।

जेन-जीको आन्दोलन नियन्त्रण बाहिर पुगेपछि राजनीतिक निकासका लागि भन्दै ओलीले पदबाट राजीनामा दिएका थिए। उनी गत २०८१ असार ३० गते प्रधानमन्त्री नियुक्त भएका थिए। उनले राजनीतिक निकासका र समस्या समाधनका लागि भन्दै राष्ट्रपति रामचन्द्र पौडेल समक्ष राजीनामा बुझाएका हुन्।

'२०८१ साल असार ३१ गते नेपालको संविधानको धारा ७६ (२) बमोजिम प्रधानमन्त्री नियुक्त भएकोमा हाल मुलुकमा उत्पन्न असमान्य परिस्थितिलाई ध्यानमा राख्दै संविधान सम्मत र ाजनीतिक निकासका र समस्या समाधनको थप पहलको लागि संविधानको धारा ७७ (१) क बमोजिम आजैका मितिदेखि लागु हुनेगरी प्रधानमन्त्री पदबाट राजीनामा दिएको छु,' प्रधानमन्त्री ओलीले राजीनामा दिँदै भनेका छन्।

## कञ्चनपुर सदरमुकाममका यी ठाउँमा भयो आगजनी र तोडफोड

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २४ भदौ**

जेएनजी आन्दोलनकारीले महेन्द्रनगर सदरमुकाममा सत्तारुढ काँग्रेस एमालेका जनप्रतिनिधि र नेताहरुको घरमा आगजानी र तोडफोड गरेका छन्।

कञ्चनपुर निर्वाचन क्षेत्र नं. ३ का साँसद गृहमन्त्री रमेश लेखकको जानकी टोल र बेदकोट नगरपालिका ८ स्थित घरमा तोडफोड र आगजनी गरिएको छ।

भीमदत्त नगरपालिका ६ ऐंठपुरस्थित सुदूरपश्चिम सरकारका पूर्व मुख्यमन्त्री राजेन्द्र सिह रावलको घरमा आगजनी गरिएको छ।

सुदूरपश्चिम सरकारका पूर्व आर्थिक मामिला मन्त्री प्रकाश रावलको खैरेनीस्थित घरमा पनि आगजनी र तोडफोड गरिएको छ।

भीमदत्त नगरपालिकाका मेयर पदम बोगटी र उप मेयर निलम लेखक जोशीको घरमा तोडफोड गरिएको छ। बोगटीमा उल्टाखाम र उप मेयरको जानकी टोलस्थित घरमा तोडफोड गरिएको छ।

भीमदत्त नगरपालिका निवर्तमान मेयर सुरेन्द्र विष्टको घरमा पनि तोडफोड गरिएको छ।

सुदूरपश्चिम सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सुरेन्द्र पालको भीमदत्त नगरपालिका १८ सालघारीस्थित घरमा तोडफोड र आगजनी गरिएको छ। सुदूरपश्चिम प्रदेश सभा सदस्य मधु भारतको जानकी टोलस्थित घरमा पनि तोडफोड भएको छ। यसैगरी बेदकोट नगरपालिकाका मेयर भोजराज बोहरा महेन्द्रनगर बजार गल्ली नं. १ स्थित घरमा तोडफोड र आगजनी गरिएको छ।

जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराको भीनपा ४ भगतपुरस्थित घरमा तोडफोड र आगजनी गरिएको छ। एमाले कञ्चनपुर इन्चार्ज निरुदेबी पालको मेन रोड र बाँसखेडास्थित घरमा तोडफोड गरिएको छ। यस्तै मदनचोकमा रहेको एनसेल सेन्टर, ओपेरा होटल र संगै रहेको सिएमजी क्लब, आन्दोलनकारीले प्रशासन कार्यालयमा आगजनी र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा तोडफोड गरेका छन्। भीमदत्त नगरपालिकाको प्रवेशद्वारमा आगजनी गरिएको छ। कृष्णपुर नगरपालिकाका मेयर हेमराज ओझाको घरमा तोडफोड गरिएको छ। सत्तारुढ काँग्रेस र एमालेका पार्टी कार्यालयमा तोडफोड र आगजनी गरिएको छ।

दोधारा चाँदनी नगरपालिका कार्यालयमा ढुङ्गा प्रहार भएपछि सिसा फुटेका छन्। दोधारा चाँदनीस्थित काँग्रेस पार्टी कार्यालयमा आगजनी र तोडफोड गरिएको छ।

सुदुरपश्चिम विश्वविद्यालय
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
डीनको कार्यालय

## स्नातक तहको प्रवेश परीक्षा र भर्ना सम्बन्धि सूचना।

मिति: २०८२/०४/२१

सुदुरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह तर्फ Bachelor of Arts (BA) र Bachelor of Computer Application (BCA) शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा नयाँ विद्यार्थी भर्नाका लागि निम्नानुसारको भर्ना कार्यक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | BA | BCA |
|---|---|---|
| प्रवेश परीक्षा फाराम वितरण | २०८२ श्रावण २१ गतेदेखि | २०८२ श्रावण २१ गतेदेखि |
| प्रवेश परीक्षा फाराम बुझाउने अन्तिम मिति | २०८२ भाद्र ३१ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय | २०८२ असोज २ गते विहान ११:३० बजेदेखि | २०८२ भाद्र ३० गते विहान ११:३० बजेदेखि |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १०००।- | रु. १५००।- |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ असोज ३ गते | २०८२ असोज १ गते |
| भर्ना अवधि | BCA शैक्षिक कार्यक्रमको हकमा प्रवेश परीक्षाको नतिजामा उल्लेख भए अनुसार र BA शैक्षिक कार्यक्रमको हकमा २०८२ कार्तिक १६ गतेसम्म | |
| अभिमुखीकरण कार्यक्रम | २०८२ कार्तिक १२ गतेदेखि १६ गतेसम्म सम्बन्धित विभाग क्याम्पसले तोकेको मितिमा | |
| कक्षा सञ्चालन | २०८२ कार्तिक १७ गतेदेखि | |
| भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता | BCA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा D ग्रेड सहित न्यूनतम १.८ CGPA प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पूर्वको नतिजा अनुसार C ग्रेड सहित न्यूनतम २ CGPA प्राप्त गरेको), प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको । BA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | |

*पुनश्च : कक्षा १२ को पुरक परीक्षामा सहभागी हुने विद्यार्थीहरू समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा BA शैक्षिक कार्यक्रम अन्तर्गत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । थप जानकारीका लागि मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर/विश्वविद्यालयका आंगिक क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ।*

प्रा. डा. राजेन्द्र प्रसाद भट्ट
डीन



कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

## रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिंह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ ।

**बर्ड फ्लु रोगका लक्षणहरू:**

– अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने । – कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु – आँखा र नाकबाट पानी चुहिनु – सिउर लोती र खुट्टा निलो हुनु । – श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु । – झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने ।

माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगर पालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ ।

सुदुरपश्चिम प्रदेश सरकार भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय** दिपायल,डोटी


# प्रदर्शन उग्र बन्दा सार्वजनिक प्रतिष्ठान पछि निजी सम्पत्ति पनि निशानामा

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २४ भदौ**

जेनजीको शान्तिपूर्ण रुपमा सुरु भएको आन्दोलनमा सरकारले दमन गरेपछि दोस्रो दिन व्यापक उग्र बनेको छ ।

सोमबार ठूलो संख्यामा नवयुवाहरु राज्यपक्षको दमनमा मारिएसँगै मंगलबार नेताहरु, उनीहरुका निवास सुरुवाती निशानामा परेका थिए। शीर्षस्थ नेताहरुको घरमा आगो बलेको छ भने मुख्य मुख्य सरकारी निवासहरु पनि जेनजी प्रदर्शनको निशानामा परेका छन् ।

सिंहदरबारदेखि सर्वोच्च अदालतसम्म, संसद् भवनदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालयसम्म खरानी भएका छन् । यसबाहेक निजी सम्पत्ति पनि आन्दोलन चर्किँदै गर्दा जेनजी निशानामा पर्नथालेका छन्। मंगलबार आधा दर्जन बढी निजी सम्पत्ति जेनजीले ध्वस्त पारेका छन् ।

भ्रष्टाचार र बेथितिविरुद्ध भन्दै जेनजी पुस्ताले सोमबार शान्तिपूर्ण प्रदर्शन गरेको थियो । तर प्रहरीको गोली प्रहारबाट एकै दिन झण्डै दुई दर्जनको मृत्यु भएपछि सरकार नै ढल्नेसम्मको स्थिति बन्यो । काठमाडौं उपत्यकामा १७ र सुनसरीको इटहरीमा दुई जनाको मृत्यु तथा सयौंका संख्यामा प्रदर्शनकारी र प्रहरी घाइते हुन पुगे ।

योसँगै सरकारको चर्को आलोचना भयो भने गृहमन्त्री रमेश लेखकले सोमबार साँझ नै राजीनामा दिए । त्यसपछि आन्दोलन रोकिने सम्भावनामा मन्त्रिपरिषद्ले निष्क्रिय पारेको सामाजिक सञ्जाल खुलाइदियो। तर आन्दोलन रोकिएन । कलिला बालबालिकामाथि सरकारको बलजफतीबाट जेनजीको प्रदर्शनलाई मंगलबार बिहानैदेखि अन्य उमेर समूहका पुस्ताको समेत साथ मिल्यो। मुलुकको विभिन्न स्थानमा स्थानीयले स्वत:स्फूर्त रुपमा आन्दोलनमा सहभागी भए ।

सबैतिरबाट सरकार चेपुवामा परेपछि मन्त्रीहरुसँगै प्रधानमन्त्री केपी शर्मा ओली पनि राजीनामा दिन बाध्य भए । प्रधानमन्त्री, गृहमन्त्रीलगायतले सरकार छोडेसँगै आन्दोलनकारीको मनोबल उच्च बन्यो ।

सुरक्षा निकायहरुले पनि आन्दोलनकारीलाई रोक्ने चेस्टा गर्नसकेका छैनन्। सडक आन्दोलनकारीको कब्जामा आएपछि सार्वजनिक र निजी सम्पत्ति उनीहरुको निशानामा परेको देखिएको छ। पहिलो चरणमा सरकारी भवन र संरचना ध्वस्त पारेपछि उनीहरुले व्यापारिक प्रतिष्ठान तथा निजी सम्पत्तिमाथि पनि आक्रमण थालेका छन् ।

**थापाथलीको अटोहब ध्वस्त**

आन्दोलनकारीहरुको निशानामा अटो हबको रुपमा परिचित थापाथलीको गाडी शोरुम पनि परेको छ। आन्दोलनकारीहरुले सुजुकीको आधिकारिक वितरण सीजी मोटो कर्प, चौधरी ग्रुपअन्तर्गतको सीजी मोटर्स, टाटाको आधिकारिक वितरक सिप्रदी ट्रेडर्सको शोरुमा आगजनी गरिएको छ ।

यस्तै महिन्द्रा एन्ड महिन्द्राको आधिकारिक वितरक अग्नी इनकर्पोरेट र हुन्डाई गाडीको आधिकारिक वितरण्क लक्ष्मी इन्टरकन्टिनेन्टलको शोरुमा तोड फोड गरिएको छ। यस्तै थापाथलीमा रहेको सेन्ट्रल बिजनेस पार्कमा पनि आगजनी गरिएको छ भने एनएमबी र ग्लोबल आईएमई बैंकको एटीएम बुथ फुटाइएको छ ।

बत्तीसपुतलीस्थित हिमालय बैंक र बानेश्वरको राष्ट्रिय वाणिज्य बैंकमा लुटपाट गरिएको छ। मोबाइल अपरेटर एनसेलको कर्पोरेट टावर लाजिम्पाटमा आगजनी गरिएको छ ।

केपी ओलीले राज्य कोषको अर्ब रुपैयाँ खर्च गरेर निर्माण गरेको झापाको दमकस्थित भ्यू टावर पनि आन्दोलनकारीको निशानमा परेको छ। भ्यू दावरमा आगजनी गरिएको छ ।

यस्तै, नक्सालस्थित हिल्टन होटल, वर्णबास होटल बालुवाटारमा आगो लगाइएको छ भने नक्साल, चाबहिल र विराटनगरस्थित भाटभटेनीक तोडफोड तथा लुटपाट गरिएको छ ।

जनता सडक कोटेश्वरस्थित सिम्रिक एयरको कर्पोरेट भवन, चन्द्रागिरी हिल्सको केबल कार पनि जलाइएको छ ।

यस्तै, नागरिक उड्यान प्राधिकरण, सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, कोटेश्वरस्थित जडिबुटी प्रशोधन केन्द्रमा पनि अगजनी गरिएको छ ।

बुटवलको मिलन चोकमा रहेको होटेल ड्रिम इन्टरनेशनल र ड्राइभर टोलमा रहेको होटेल टुलिपमा प्रदर्शनकारीले आगो लगाएका छन् ।

खुमलटारमा रहेको युलेन्स स्कुल, मध्यबानेश्वरको ग्लोबल कलेज पनि प्रदर्शनकारीले जलाइदिएका छन् ।


**लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समूहको साथमा विशेषज्ञ सेवा**

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकै जानकारी गराउँदछौं ।

डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा वाथ रोग विशेषज्ञ

डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइराइड रोग विशेषज्ञ

डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रसुति रोग विशेषज्ञ

डा. निर्मल अमर सिंह थापा
MBBS, MS (General Surgeon)
हाइड्रोसिल, हर्निया, बवासिर, पेट रोग विशेषज्ञ

**लाईफ केयर क्लिनिक**
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath



# आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

**डा. भावेश**
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in Echocardiology Fellowship in Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ
**प्रत्येक दिन**

**डा. कुलदिप**
MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)
**प्रत्येक दिन**




आनन्द चिल्ड्रन हॉस्पिटल
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
**डा. रेनुका यादव**
MBBS, MD (Paediatric)
- कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
- अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
- एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
- मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज

आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु **कैशलेस (निःशुल्क) उपचार** व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585 24 घण्टे

**डा. अभिनव कुमार कटियार**
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, रौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ
**प्रत्येक मंगलबार**

**डा. योगेश नागेंदर**
MBBS, MD,DM (Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)

**डा. गणेश बी. एल.**
M.Ch (Neurosurgery)DELHI AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**

*सुविधाहरू: I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाइपेप,सी.पेप,भेन्टिलेटर, क्याण्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।*

*आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।*

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रुपैया पनि स्वीकार गरिन्छ ।***

**सम्पर्क स्थान: आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टर**
**सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**

# सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस व्यवस्थापन विभागको प्रवेश परीक्षा सम्बन्धी सुचना

मिति : २०८२।०४।१८

सुदूरपश्चिम विश्वविद्यालयको केंद्रीय क्याम्पस व्यवस्थापन केन्द्रीय विभागमा स्नातक तहका (BBA , BHM र BBS) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक शत्र २०८२।०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि सञ्चालन हुने प्रवेश परीक्षाको कार्यक्रम निम्नानुसार रहेको सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | आवेदन फाराम वितरण | आवेदन फाराम बुझाउने अन्तिम मिति | प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय |
|---|---|---|---|
| BBA | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २५ गतेसम्म | २०८२ भाद्र २८ गते बिहान ८:०० बजे |
| BHM | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते बिहान ११:०० बजे |
| BBS | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते बिहान ११:०० बजे |
| भर्नाका लागि न्युनतम शैक्षिक योग्यता | BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तीमा D ग्रेड सहित न्युनतम 1.8 CGPA प्राप्त गरेको । (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तीमा D+ ग्रेड सहित न्युनतम 1.8 CGPA ल्याएको),प्रविणता प्रमाणपत्र तहको हकमा न्युनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्युनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्युनतम D+ ग्रेड ल्याएको) वा न्युनतम द्वितीय श्रेणीमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने छ । | | |
| प्रश्नपत्रको सरचना | १०० पूर्णाङ्क, समय : १ घण्टा ३० मिनेट र Verbal Ability,Quantitative Ability, General Awareness, Logical Reasoning,Business and Economics सम्बन्धी १०० वटा वस्तुगत प्रश्नहरु । | | |

*नोट : BBA र BHM का हकमा रु १५०० र BBS का हकमा रु ५०० प्रवेश परीक्षा शुल्क नेपाल बैंक लि मा रहेको यस विभागको खा नं 15600106688945000001 मा जम्मा गर्नुपर्ने छ । कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरु समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । प्रवेश परीक्षा र भर्ना सम्बन्धी थप जानकारीको लागि व्यवस्थापन केन्द्रीय विभाग महेन्द्रनगरमा सम्पर्क गर्न सकिनेछ ।*

..........................
विभागीय प्रमुख
व्यवस्थापन केन्द्रीय विभाग
सु.प.वि. महेन्द्रनगर

## के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ । -पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracjimg गर्न सकिन्छ । -साथै विश्वका सम्पूर्ण देशहरुबाट समान ( Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

**जिल्ला हुलाक कार्यालय कञ्चनपुर**

रमाईलो®
तपाईको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

## पशु क्वारेन्टाइन कार्यालय

### गड्डाचौकी कञ्चनपुर

**सूचना ! सूचना !! सूचना !!!**

हालै छिमेकी देश भारतको उत्तराखण्ड प्रदेशको यु.एस. नगर र बागेश्वर जिल्लामा Avian Influenza H5N1 ( Highly Pathogenic Avian infulenza ) ) बर्ड फ्लु देखिएको भनी विभिन्न भारतीय सञ्चार माध्यमबाट प्रकाशित भएको र सो स्थान संकटग्रस्त क्षेत्र घोषणा गरि सकेको र उक्त स्थान नेपालको कैलाली र कञ्चनपुर जिल्लाको सीमा क्षेत्रबाट नजिकै पर्ने हुादा उक्त रोग पन्छीहरुको अति संक्रामक रोथ तथा मानिसमा समेत सर्ने हुँदा उल्लेखित कार्यहरु गर्न गराउन हुन अनुरोध छ ।

**तपशिल**

- स्रोत नखुलेको जिउँदो कुखुरा, चल्ला, मासु, अण्डा अथवा पंक्षीजन्य कुनै पनि वस्तु र ती वस्तुलाई ओसारपसार गरिने विभिन्न माध्यम क्रेट, केज, सवारी साधन आदिलाई पूर्ण निषेध गर्ने गराउने

-त्यस्ता निषेधित पन्छी/पन्छीजन्य उत्पादन तथा अन्य संक्रमित वस्तुलाई नेपालमा बिक्री वितरण नगर्ने/नगराउने

– सम्पूर्ण किसानले आ(आफ्नो फार्ममा आवतवतलाई निषेध गरी जैविक सुरक्षाका विधिलाई कडाईका साथ पालना गर्ने/गराउने

– पंक्षीमा देखिने बर्ड फ्लु रोगका लक्षणहरु जस्तै अत्यधिक मृत्युदर, श्वासप्रश्वासमा समस्या, आाखा नाकबाट पानी जस्तो पदार्थ, सिउर, लोती, खुट्टा निलो रङ्गको हुने जस्ता रोग लागेको लक्षण देखा परेमा वा शंका लागेमा नजिकको पशु सेवा शाखा, पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाइन कार्यालय र पशुपंछी रोग अन्वेषण प्रयोगशाला वा तल उल्लेखित नम्बरमा सिधै सम्पर्क गर्न हुन अनुरोध छ ।

**पुश क्वारेन्टाइन कार्यालय, गड्डाचौकी**
पशु चिकित्सक डा. सजना बम्रेल सम्पर्क नं. ९८५८७७७१३२
इमेल : animalquarentinekanchanpur @gmail.com
**पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी, कैलाली**
पुश चिकित्सक डा. विशाल चन्द्र सम्पर्क नं. ९८६८५६६०५८, ०९१-५२२१८२
इमेल : rvldhn@gmail.com

छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।
हाम्रा उत्पादनहरू
बेस 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural
सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-४, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

कञ्चनपुर

**सूचना ! सूचना !! सूचना !!!**

मिति: २०८२।०५।२४

यस कार्यालयको आ.ब २०८२।०८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले ईच्छुक तथा सम्बन्धित कृषक वा कृषि संस्थाहरु (समुह,सहकारी,फर्म,कम्पनि आदि) ले यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन (२०८२/०६/२२) कार्यालय समय भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । सूचनाको म्याद समाप्त भए पश्चात तथा आवश्यक कागजात नपुग भएका प्राप्त आवेदनहरु उपर कुनै कारवाहि गरिने छैन ।

**आवश्यक कागजातहरु:**

क. रु.१० को टिकट टास गरेको निवेदन तथा प्रस्ताव पत्र (अनुसूची ५) ।
ख. कृषक संस्था दर्ता प्रमाण पत्र, पान नं. तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
ग. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
घ. सम्बन्धित स्थानियतह अन्तर्गत वडा कार्यालयको सिफारिस ।
ङ. समुह/समिति/सहकारीको हकमा कार्यक्रम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि ।
च. कार्यक्रममा लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।
छ. सम्बन्धीत बिषयमा तालीम लिएको भए सोको प्रमाणित प्रतिलिपि ।
ज. बैदेशिक रोजगारी बाट फर्केको भए सोको पुष्टी हुने खालको प्रमाण ।
झ. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्त देखिने कागजातको प्रमाणित प्रतिलिपी ।
ञ. जग्गा लिजमा लिएको भए कम्तीमा १० बर्षको आधिकारिक करारनामा वा सम्झौता पत्र ।
ट. निवेदन/प्रस्ताव बाफतको राजश्व दस्तुर रकम तपसिल अनुसार प्रदेश सरकारको रा.बा.बैंक स्थित राजश्व शिर्षक नं.१४२२९ र कार्यालय कोड भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कञ्चनपुर ३१२०२७६०१७ मा जम्मा गरेको भौचर वा कार्यालयले जारी गरेको नगदी रसिद (पछि फिर्ता नहुने गरि) ।

- रु.१ लाख भन्दा कमको प्रस्तावको लागि शुल्क नलाग्ने ।
- रु.१ लाख देखि माथी रु.५ लाख सम्मको प्रस्तावको लागि रु.३००।
- रु.५ लाख देखि माथीको प्रस्तावको लागि रु.१०००।

**कार्यक्रमहरु**

| कार्यक्रमको क्र.सं | कार्यक्रमको नाम | ईकाई | परिमाण | बजेट रु.हजार | कार्यक्रम संचालन हुने स्थान | प्रस्ताव पेश गर्ने आधारहरु |
|---|---|---|---|---|---|---|
| 2.7.15.5029 | बंगुर प्रवर्द्धन कार्यक्रम | पटक | 1 | 4000 | जिल्लाभरी | ब्यवसायिक रुपमा बंगुरपालन गरेका फार्म/समुह/सहकारीहरु । |
| 2.7.18.3117 | पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र स्थापना/सुदृढीकरण | संख्या | 2 | 3000 | ,, ,, | बृहत रुपमा पशुपन्छी तथा मत्स्यपालन गरेका फार्महरु । |
| 2.7.18.3142 | स्थानीय पोल्ट्री पालन प्रवर्द्धन कार्यक्रम | संख्या | 10 | 1000 | ,, ,, | स्थानिय कुखुरापालन गरेका फार्महरु |
| 2.7.18.3277 | लागत साझेदारीमा दुध संकलन केन्द्र निर्माण | पटक | 1 | 1500 | कृष्णपुर न.पा. | दुध संकलन कारोबार गरिरहेका उद्यमी/सहकारी । |
| 2.7.18.3279 | लागत साझेदारीमा दुध संकलन केन्द्र निर्माण | पटक | 1 | 2000 | भिमदत्त न.पा. | दुध संकलन कारोबार गरिरहेका उद्यमी/सहकारी । |
| 2.7.18.3278 | जलबायुमैत्री व्यवसायिक कुखुरा पालन | पटक | 2 | 3000 | पुनर्वास न.पा. र लालझाडी गा.पा. | ब्यवसायिक रुपमा कुखुरापालन गरेका फार्महरु । |
| 2.7.18.3281 | वधस्थल स्तरोन्नति | पटक | 1 | 1000 | पुनर्वास न.पा. | वधस्थलहरु । |
| 2.7.18.3280 | बंगुर प्रवर्द्धन कार्यक्रम | पटक | 2 | 4000 | पुनर्वास न.पा. र लालझाडी गा.पा. | ब्यवसायिक रुपमा बंगुरपालन गरेका फार्म/समुह/सहकारीहरु । |
| 2.7.17.199 | माछा पोखरी तथा प्राकृतिक तालमा माछाको उत्पादकत्व सुधार सहयोग | संख्या | 10 | 3000 | जिल्लाभरी | ब्यवसायिक माछापालकहरु । |
| 2.7.17.200 | मत्स्य ह्याचरी निर्माण/सुदृढीकरण | संख्या | 2 | 1000 | ,, ,, | संचालनमा रहेका ह्याचरीहरु । |
| 2.7.18.3006 | भेटेरीनरी अध्ययन गरेका र विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम | संख्या | 15 | 1500 | ,, ,, | भेटेरीनरी अध्ययन गरेका जे.टी./जे.टि.ए.हरु । |
| 2.7.18.3121 | गौशालालाई मोडल उद्योगका रुपमा सञ्चालन (प्राङ्गारिक मल, मुत्र, दुध उत्पादन) | संख्या | 2 | 4000 | ,, ,, | संचालनमा रहेका गौशालाहरु । |
| 2.7.18.3296 | छाडाचौपाया संरक्षणका लागि गोठ प्रजनन केन्द्र निर्माण | पटक | 1 | 2000 | कृष्णपुर न. पा. | संचालनमा रहेका गौशाला । |
| 2.7.18.3297 | मत्स्य पोखरी सुदृढीकरण तथा पर्वधन कार्यक्रम | पटक | 1 | 1500 | ,, ,, | ब्यवसायिक माछापालकहरु । |
| 2.7.18.3295 | डेरी तथा दुध संकलन केन्द्र | पटक | 1 | 1000 | ,, ,, | दुग्ध कारोबार गरिरहेका । |
| 2.7.18.3294 | मत्स्यपालन पोखरी स्तरोन्नति तथा प्रबर्दन कार्यक्रम | पटक | 1 | 2000 | बेलौरी न.पा. | ब्यवसायिक माछापालकहरु । |
| 2.7.18.3293 | बंगुर पालन प्रबर्दन कार्यक्रम | पटक | 1 | 1000 | ,, ,, | ब्यवसायिक बंगुरपालक । |
| 2.7.18.3292 | बंगुर पालन प्रबर्दन कार्यक्रम | पटक | 1 | 1000 | बेलडाडी गा.पा. | ब्यवसायिक बंगुरपालक । |
| 2.7.18.3291 | एकीकृत भैशी पालन प्रबर्दन कार्यक्रम | पटक | 1 | 1500 | बेलौरी न.पा. | ब्यवसायिक भैसीपालक । |
| 2.7.18.3122 | पशु आहाराको लागि साइलेज प्रयोगमा प्रोत्साहन | पटक | 1 | 1000 | जिल्लाभरी | साइलेज प्रयोग गर्न ईच्छुक ब्यवसायिक पशुपालक कृषकहरु । |

**नोट :** क. लागत साझेदारी प्रतिशत फार्मको हकमा ५० प्रतिशत तथा समुह/समिति/सहकारीको हकमा २५ प्रतिशत लागु हुने छ । ख. प्रस्ताव पेश गर्दा प्रस्तावकले सम्बन्धीत कार्यक्रममा व्यवसायिक रुपले काम गरेको तथा सम्बन्धीत क्षेत्रमा कार्य अनुभव भएको हुनु पर्ने छ । ग. आवेदकले प्रस्ताव फाराम भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कञ्चनपुरमा दर्ता गर्नु पर्ने छ । घ. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट समेत प्रस्ताव दर्ता गरिने छ । ङ. प्रस्तावको अनुसूचीहरु यस कार्यालय तथा सम्बन्धीत स्थानियतह पशु सेवा शाखा बाट उपलब्ध गराईने छ ।

बिस्तृत जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कञ्चनपुर
फोन नं. ९८५८७५०३७९, ९८५८७८४५२४ र ९८४८८८१३६१

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७